प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

# प्रि-डिप्लोमा (साबिक प्राविधिक एस.एल.सी.) तहको नियमित/आंशिक तर्फका बिभिन्न कार्यक्रमहरुको वार्षिक/अन्तिम परीक्षाको आवेदन फाराम भर्ने बारेको अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मितिः २०८१।०५।११)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌बाट प्रि-डिप्लोमा (साबिक प्राविधिक एस.एल.सी) तहको सम्बन्धन स्वीकृत प्राप्त गरी आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम र निजी स्तरमा सम्बन्धन/स्वीकृति प्राप्त सम्पूर्ण शिक्षालयहरूले **नियमित तथा आंशिक** प्रशिक्षार्थीहरूका लागि कात्तिक/मंसिर महिनामा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन सम्बन्धित प्रशिक्षार्थीहरूबाट परीक्षा आवेदन फाराम भराई तपसिलको शर्त नं. १ अनुसार तोकिएको मिति भित्र र तपसिलको शर्त नं. १४ मा उल्लेख गरिए बमोजिमको परीक्षा शुल्क बुझाएको बैंक भौचरको प्रति आवेदन फारामका साथ अनिवार्य रूपमा बुझाउन हुन सम्बन्धित सबै शिक्षालय एवं प्रशिक्षार्थीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तपसिलका शर्तहरू पुरा नभएका र तोकिएको समयभित्र फाराम नबुझाउने प्रशिक्षार्थीहरूलाई परीक्षामा सम्मिलित गराउन नसकिने व्यहोरा समेत सूचित गरिन्छ ।

साथै प्रि-डिप्लोमा (साविकको प्राविधिक एस.एल.सी) तहमा प्राविधिक शिक्षामा **विशेष छात्रबृत्ति कार्यक्रम** अन्तर्गत शैक्षिक शत्र २०८०/०८१ मा रजिष्ट्रेशन कायम भएका र प्रि-डिप्लोमा तहको **२४ महिने औद्योगिक प्रशिक्षार्थी** कार्यक्रम अन्तर्गत शैक्षिक शत्र २०७९/०८० मा रजिष्ट्रेशन कायम भएका प्रशिक्षार्थीहरुले समेत यसै सूचना बमोजिम परीक्षा आवेदन फाराम भर्नु हुन अनुरोध छ ।

## परीक्षा सञ्चालन हुने कार्यक्रम तथा समूहहरू:

(क) शैक्षिक सत्र २०८०/०८१ मा रजिष्ट्रेशन भई प्रि-डिप्लोमा (साबिकको प्राविधिक एस.एल.सी.) तहका कार्यक्रम अन्तर्गत प्रशिक्षण पुरा गरेका (१२+६) महिना अवधिका सम्पूर्ण नियमित समूहहरू तथा शैक्षिक सत्र २०७९/०८० मा रजिष्ट्रेसन भएका २४ (चौबीस) महिने औद्योगिक प्रशिक्षार्थी तालीमहरू

- **Special Scholarship Program:** Civil Engineering, Electrical Engineering, Mechanical Engineering, Automobile Engineering, LP/AH, Agriculture (Plant Science), Veterinary Science, Culinary Arts, Forestry
- **12+6 Months program,** Livestock Production/Animal Health, Veterinary Science, Agriculture (Plant Science), Civil Engineering, Computer Engineering, Electrical Engineering, Mechanical Engineering, Electronics Engineering, Refrigeration & AC Engineering, Water Supply & Sanitary Engineering, Culinary Arts, Hotel Management, Computer Application & Secretarial Management, Social Mobilization and Entrepreneurship Development.
- **(Back Only) 15+3 Months program**: Automobile Engineering and Survey Engineering.
- **24 Months Apprenticeship program**, Electrical Engineering, Mechanical Engineering, Automobile Engineering, Information Technology, Hotel Management, Civil Engineering Building Construction and Tea Technology and Early Childhood Development (ECD) Facilitation

## शर्तहरु:

१. प्रशिक्षार्थीहरुका लागि सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने अन्तिम मिति नियमित शुल्कको हकमा मिति २०८१।०५।११ गते देखि मिति २०८१।०५।३० गते भित्र र विलम्ब शुल्क(दोव्वर शुल्क)को हकमा मिति २०८१।०५।३१ गते देखि मिति २०८१।०६।०६ भित्र बुझाउनु पर्नेछ ।

२. शिक्षालयले शैक्षिक सत्र २०७७/०७८ **(ई.सं २०२०)** देखिका (१८ महिने) र २०७६/०७७ **(ई.सं २०१९)** देखिका (२४ महिने) ITMS Online बाट रजिष्ट्रेशन भएका **सम्पुर्ण कार्यक्रमका** परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट नियमितका लागि **सेतो** कागजमा र आंशिकका लागि **पहेंलो** कागजमा प्रिन्ट गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

३. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

४. आंशिक परीक्षार्थीको हकमा १८ महिने कार्यक्रममा शैक्षिक शत्र २०७७/०७८ (ई. सं. २०२०) देखि भर्ना भई रजिष्ट्रेशन भएका र शैक्षिक शत्र २०७६/०७७ देखिका २४ महिने औद्योगिक प्रशिक्षार्थी कार्यक्रमका प्रशिक्षार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँनेछन् ।

५. नियमित तर्फका प्रशिक्षार्थीहरूको नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

६. शैक्षिक शत्र २०७७/०७८ **(ई.सं २०२०)** देखिका (१८ महिने) र २०७६/०७७ **(ई.सं २०१९)** देखिका (२४ महिने) आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

७. नियमित तर्फका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

८. शैक्षिक शत्र २०७७/०७८ (ई.सं. २०२०) आंशिक तर्फ देखि भर्ना भई रजिष्ट्रेशन भएका सम्पूर्ण कार्यक्रमहरुको Online आवेदन फारामहरु Web based online system मा Entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

९. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

१०. परीक्षा आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त आवेदन फाराम फाराम सम्वन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

११. परीक्षा शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिबरण यस प्रकार रहेको छ । निजी रूपमा कार्यक्रम सञ्चालन गरेका शिक्षण संस्थाका लागि नियमित प्रशिक्षार्थीको प्रति प्रशिक्षार्थी रु.२,०००।- (अक्षेरुपी दुई हजार मात्र) (परीक्षा शुल्क रु.१,७००।- र कार्यगत मूल्याङ्कन (OJT) रु. ३००) र परिषद्का आंगिक, साझेदारी तथा TECS कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरूको नियमित प्रशिक्षार्थीको हकमा प्रति प्रशिक्षार्थी रु.१,०००।- (अक्षेरुपी एक हजार मात्र) र सम्पुर्ण सैद्धान्तिक वा प्रयोगात्मक मध्ये एउटाको सैद्धान्तिक वा प्रयोगात्मक आंशिक प्रशिक्षार्थीको हकमा प्रति (एक विषय) शुल्क बापत रु.२००।- (दुई सय) र प्रति थप विषय रु.१५०।- (एक सय पचास) का दरले लाग्ने थप रकम समेत गरी

(क) प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं.२५५०१००००१२७८००१,
(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं.१५२०१००००२६३९००१,
(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा. बैङ्क, हेटौंडा शाखा, च.हि.नं.१३००१००००३६६९००१,
(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं.३५००१०००००२३४००१,
(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं.३३६०१०००००३६१००१,
(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं.४०८०१०००१५५२८००१,
(छ) प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं.४१७०१००००६५०८००१ मा सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी सोही दिन भौचर ITMS Online मा upload गर्नुपर्नेछ र **मिति २०८१ आश्विन १० गते भित्र नियमित तथा विलम्व** परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. ITMS Online बाट परीक्षार्थीहरुको प्रवेश पत्र नियमित तर्फको **सेतो** कागजमा र आंशिक तर्फको **पहेंलो** कागजमा प्रिन्ट गरी प्रदेश कार्यालयबाट प्रमाणित गराई परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ र प्रवेश पत्र नभएको परीक्षार्थीलाई परीक्षामा समावेश गराइने छैन ।

**नोटः**

१. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०८१।०५।३१ गते भित्र नियमित शुल्कको तथा मिति २०८१।०६।०७ गते भित्रमा बिलम्ब शुल्कको Web Based Online System मा शिक्षालयहरुले Entry गरिसक्नुपर्नेछ ।

२. मिति **२०८१ आश्विन १०** गते भित्र नियमित तथा विलम्व परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**